## ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी
## मापदण्ड, २०७८

<u>प्रस्तावना:</u> ज्येष्ठ नागरिकको अन्तरपुस्ता ज्ञान, अनुभव र सीपको आदनप्रदान तथा हस्तान्तरणका लागि स्थानीय तहको समन्वय, सहकार्य र सहभागितामा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण एंव सञ्चालन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको मापदण्ड बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस मापदण्डको नाम "ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्ड, २०७८" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "केन्द्र" भन्नाले ज्येष्ठ नागरिक मिलन केन्द्र सम्झनु पर्छ र सो शब्दले हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रलाई समेत जनाउँछ ।

(ख) "कार्यक्रम खर्च" भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ।

(ग) "प्रशासनिक खर्च" भन्नाले सेवा महसुल तथा भाडा, कार्यालय सामानजस्ता चालु खर्च सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

### परिच्छेद-२
### उद्देश्य

३. <u>उद्देश्य:</u> केन्द्र सञ्चालन गर्नुका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) दिनको समयमा ज्येष्ठ नागरिकहरुको भेटघाट गर्ने अवसर जुटाईदिनु,

(ख) ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप, अनुभव एकअर्कामा आदन–प्रदान एवं युवापुस्तामा हस्तान्तरण हुने वातावरण बनाउनु,

(ग) ज्येष्ठ नागरिकमा हुन सक्ने नैराश्यता तथा एक्लोपनको महशुसलाई कम गरी जीवन सहज र रमाईलो बनाउनु,

(घ) ज्येष्ठ नागरिकप्रति सम्मान गर्दै राज्यले अभिभाबकत्व ग्रहण गरि कार्यक्रमहरु कार्यान्वयनमा ल्याउनु,

(ङ) ज्येष्ठ नागरिकले आफूसँग भएको सीपको उपयोग गरी कुनै सामानको उत्पादन/निर्माण गर्न/बिक्री वितरण गर्न चाहेमा त्यसको लागि उत्पादन/निर्माण, विक्रि वितरणको व्यवस्था मिलाउनु,



नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

उमा रेग्मी
मन्त्री

(च) ज्येष्ठ नागरिकद्वारा उत्पादित सामाग्री/प्रकाशित पुस्तक आदिको बिक्री वितरणको लागि बिक्री कक्ष उपलब्ध गराई सहजीकरण गर्नु ।

## परिच्छेद- ३

## केन्द्र निर्माण तथा सञ्चालनको प्रक्रिया

४. केन्द्र निर्माण तथा सञ्चालनः (१) केन्द्र निर्माण तथा सञ्चालन सङ्घ र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीमा हुनेछ।

(२) केन्द्र निर्माणमा मन्त्रालयको आर्थिक सहभागिता रहनेछ ।

(३) केन्द्र निर्माणका लागि यो मापदण्ड बमोजिम स्थानीय तहसँग प्रस्ताव माग गरिनेछ।

(४) स्थानीय तहले कुनै संघसंस्थासँग सम्झौता गरी केन्द्र निर्माण, स्थापना तथा सञ्चालन गराउन सक्नेछन ।

(५) उपदफा (४) बमोजिम निर्माण, स्थापना तथा सञ्चालन हुने केन्द्रको अपनत्व, व्यवस्थापन र प्रतिवेदनको जिम्मा स्थानीय तहको हुनेछ ।

(६) केन्द्र निर्माणको लागि मन्त्रालयबाट अनुदानप्राप्त गरिसकेको भए दोहोरो सुबिधा उपलब्ध गराईने छैन ।

(७) नयाँ केन्द्र निर्माण गर्दा अनुसूची-१ बमोजिमको मापदण्डको पालना गरी बनाउनुपर्नेछ।

५. प्रस्ताब आह्वान सम्बन्धी व्यवस्थाः (१) केन्द्रको भौतिक संरचना निर्माणका लागि मन्त्रालयमा प्रस्ताव पेश गर्नुपर्नेछ।

(२) सम्भावित स्थानीय तह छनौट गर्न मन्त्रालयबाट तीस दिनको म्याद दिइ सूचना प्रकाशन गर्नेछ ।

तर तोकिएको समयसीमा भित्र पर्याप्त र उपयुक्त प्रस्ताव नपरेमा वा कावु बाहिरको परिस्थिति सृजना भई प्रस्तावहरु नपरेमा मन्त्रालयले औचित्यताको आधारमा पुनः पन्ध्र दिनको म्याद थप गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन गर्दा समेत प्रस्ताव पर्न नसकेमा एक वटा परेपनि प्रक्रिया अगाडी बढाउन बाधा परेको मानिने छैन ।

(४) प्रत्येक प्रदेशमा समानुपातिक संख्याको आधारमा केन्द्र निर्माण गरिनेछ।

६. प्रस्तावसाथ पेश गर्नु पर्ने कागजात सम्बन्धी व्यवस्थाः (१) केन्द्र निर्माणका लागि प्रस्ताव पेश गर्दा देहाय बमोजिमको कागजात सहित पेश गर्नुपर्नेछः-

(क) केन्द्र निर्माण तथा सञ्चालनका लागि स्थानीय तहको कार्यपालिकाबाट लगानी गर्न गरेको प्रतिबद्दता,

(ख) केन्द्र निर्माणका लागि प्रचलित कानून बमोजिम जग्गा प्राप्ति भएको घोषणा वा प्रमाण खुल्ने कागजात,

(ग) बिस्तृत लागत अनुमान,

(घ) केन्द्र सञ्चालनको निरन्तरताका लागि संघ संस्था तथा समुदायको प्रतिवद्दता भए सोको विवरण,

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

उमा रेग्मी
मन्त्री



सचिव

(ङ) केन्द्र निर्माण तथा सञ्चालनका लागि स्रोत व्यवस्थापनको विवरण।

(२) जेष्ठ नागरिक मिलन केन्द्र निर्माणका लागि जग्गा सम्बन्धी सम्पूर्ण जिम्मेवारी र उत्तरदायित्व स्थानीय तहको हुनेछ ।

७. **<u>प्रस्ताव मूल्याङ्कनका आधारहरु:</u>** केन्द्र निर्माणको लागि प्रस्तावको मूल्याङ्कन देहाय बमोजिमको विषयलाई आधारमानी गरिनेछः-

(क) स्थानीय तहको कार्यपालिकाबाट केन्द्र निर्माण तथा सञ्चालनका लागि लगानी गर्न गरेको प्रतिबद्दता,

(ख) स्रोत व्यवस्थापनको विवरण।

(ग) बिस्तृत लागत अनुमान

(घ) जग्गा प्राप्ति

(ङ) केन्द्र सञ्चालनको निरन्तरताका लागि संघ संस्था तथा समुदायको प्रतिवद्दता भए सोको विवरण

८. **<u>साझेदारी सम्बन्धी व्यवस्था:</u>** (१) मिलन केन्द्र निर्माण संघ तथा स्थानीय सरकारको लागत साझेदारीमा गरिनेछ।

(२) सङ्घबाट मिलन केन्द्र निर्माणमा बजेट उपलब्धताको आधारमा सहयोग हुनेछ ।

(३) स्थानीय तहले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग आर्थिक सहयोग लिदाँ नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(४) केन्द्र निर्माणमा संघबाट एक आर्थिक बर्षमा मात्र साझेदारी रहनेछ ।

तर मन्त्रालयले आवश्यकता र औचित्यता हेरी बढीमा एक बर्ष थप गरी साझेदारी गर्न सक्नेछ ।

९. **<u>केन्द्र सञ्चालन सम्बन्धी व्यवस्था:</u>** ज्येष्ठ नागरिक मिलन केन्द्रको व्यवस्थापनका लागि मिलन केन्द्र रहने स्थानीय तहका प्रमुख/अध्यक्ष वा निजले तोकेको व्यक्तिको संयोजकत्वमा देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष वा निजले तोकेको पदाधिकारी | -संयोजक |
| (ख) | केन्द्र रहने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी | -सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहमा कार्यरत ज्येष्ठ नागरिकसँग सम्बन्धित संघ-संस्थाका प्रतिनिधि वा अभियान्ता एक जना महिलासहित (दुई जना) | -सदस्य |
| (घ) | प्रमुख,नेपाल प्रहरी (सम्बन्धित स्थानीय तह हेर्ने) | -सदस्य |
| (ङ) | स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक वा स्वास्थ्यकर्मी (एक जना) | -सदस्य |
| (च) | प्रमुख प्रशासकिय अधिकृतले तोकेको सम्बन्धित स्थानीय तहको अधिकृत कर्मचारी | -सदस्य-सचिव |

१०. **<u>केन्द्र सञ्चालन:</u>** (१) केन्द्र स्थापना भएपछि निरन्तर रुपमा सञ्चालन हुनेगरी स्थानीय तहले केन्द्रको अपनत्व लिनुपर्नेछ ।



उमा रेग्मी
मन्त्री

(२) सबै स्थानीय तहमा केन्द्र स्थापना नहुन्जेलसम्म यस कार्यक्रमलाई केन्द्र निर्माण तथा केन्द्र सञ्चालन गरी दुई खण्डमा वर्गिकरण गरिनेछ ।

(३) केन्द्र सञ्चालनका लागि निर्मित भौतिक संरचना उपलब्ध भएको अवस्थामा स्थानीय तहले सञ्चालन खर्च जुटाई व्यवस्थित रुपले सञ्चालन गर्नुपर्नेछ ।

(४) केन्द्र क्रमश सबै स्थानीय तहमा निर्माण तथा सञ्चालन गर्दै लगिनेछ ।

(५) मन्त्रालयले उपलब्ध स्रोत र लागत अनुमान हेरी प्रत्येक स्थानीय तहसँग केन्द्र निर्माणका लागि सहयोग गर्न सक्नेछ ।

(६) मन्त्रालयले स्थानीय तहबाट निर्माण र सञ्चालन हुने वा निर्माण भइरहेका केन्द्रमा सहयोग गर्न सकिनेछ ।

११. <u>स्थान छनौटको लागि अवलम्बन गर्नुपर्ने आधार</u>: स्थानीय तहले ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थान छनौट गर्दा देहाय बमोजिमका आधार अवलम्बन गर्नुपर्नेछः–

(क) ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्रमा दैवीप्रकोप तथा आपतकालीन अवस्थामा उद्धार गर्न तथा दैनिक रुपमा सवारी साधन, एम्वुलेन्स, दमकलका सेवाहरुको सहज पहुँच भएको,

(ख) विजुली, पानी र टेलिफोनको सुविधा भएको,

(ग) प्राकृतिक मनोरम तथा खुला स्थल भएको,

(घ) प्राकृतिक प्रकोपवाट सुरक्षित स्थल भएको,

(ङ) स्वास्थ्य सेवा उपलब्ध हुन सक्ने व्यवस्था भएको,

(च) सम्भव भएसम्म नजिकमा धार्मिक आस्थाका पवित्र तीर्थस्थल, नदी, मन्दिर आदि भएको ।

## परिच्छेद–४

## <u>जिम्मेवारी, काम, कर्तव्य र अधिकार</u>

१२. <u>स्थानीय तहको जिम्मेवारी</u>: केन्द्र सञ्चालन सम्बन्धमा स्थानीय तहले देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछः–

(क) सम्बन्धित स्थानीय तहले जेष्ठ नागरिक मिलन केन्द्र निर्माण, स्थापना तथा सञ्चालनको लागि उपयुक्त स्थान/भवनको व्यवस्था गर्ने,

(ख) ज्येष्ठ नागरिकको रुची र चाहना अनुसार सामाजिक, सांस्कृतिक, भौगोलिक धार्मिक तथा साहित्यिक पुस्तक, गीत, कविता, कथा, भजन सम्बन्धी पुस्तकहरुको व्यवस्था मिलाउने,

(ग) वाद्यवादनका सामग्रीहरु (मादल, हारमोनियम, खैंजडी, तवला इत्यादि) को व्यवस्था गर्ने,

(घ) केन्द्रमा बस्ने व्यवस्थाका लागि चकटी, कुर्सी, कार्पेट आदिको व्यवस्था गर्ने,

(ङ) दिउँसोको समयमा खाजा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउने,

(च) मनोरञ्जनका लागि टेलिभिजन, मौसम अनुसार हिटर र पंखाको व्यवस्था गर्ने,

(छ) ज्येष्ठ नागरिकहरुको आकस्मिक स्वास्थ्योपचारका लागि आवश्यक औषधीको व्यवस्था गर्ने,

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

उमा रेग्मी
मन्त्री

(ज) ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गर्ने जस्ता विषयहरुमा प्रवचन/अन्तर्क्रियात्मक कार्यक्रमहरु सञ्चालन गर्ने र सोको अभिलेख राख्ने,

(झ) ज्येष्ठ नागरिकहरुका लागि उपयुक्त खेल सामाग्री र खेलकूद स्थलको व्यवस्था मिलाउने,

(ञ) योग, ध्यान, प्रार्थना जस्ता क्रियाकलापहरु गर्ने स्थानको व्यवस्था मिलाउने ।

१३. <u>काम कर्तव्य र अधिकार</u>: सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित स्थानीय तहले निर्धारण गरेको नीति, कार्यक्रम र मापदण्डको आधारमा सञ्चालन गर्न सहयोग गर्नु,

(ख) ज्येष्ठ नागरिक मिलन केन्द्रमा आउने ज्येष्ठ नागरिकलाई पुऱ्याउनु पर्ने सेवा र सहजताको लागि आन्तरिक व्यवस्थापन र स्थानीय तहको समन्वय र सहकार्यमा थप व्यवस्था गर्न स्थानीय तहलाई सहयोग गर्ने,

(ग) केन्द्रमा भएको भौतिक तथा अन्य सामग्रीको संरक्षण र सही उपयोग गर्ने व्यवस्था मिलाउने,

(घ) कुनै प्रकारको समस्या तथा अप्ठ्यारो परिस्थिति आईपरेमा सम्बन्धित निकाय (नगरपालिका/गाउँपालिका, सुरक्षा निकाय र आवश्यकतानुसार अन्य निकाय) मा सम्पर्क र समन्वय गरी समस्या समाधान गर्ने,

(ङ) सम्बन्धित स्थानीय तहबाट रकम प्राप्त गर्ने र प्राप्त रकम केन्द्रको लागि आवश्यक कार्यमा प्रचलित ऐन कानून बमोजिम खर्च गर्ने,

(च) खर्चको अभिलेख राख्ने,

(छ) खर्च तथा काम कारवाहीको प्रतिवेदन तयार गर्ने ।

## परिच्छेद–५

## खर्च प्रक्रिया, अनुगमन मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

१४. <u>खर्च सम्बन्धी शर्त</u>: मन्त्रालयबाट प्राप्त रकम खर्च गर्दा प्रचलित कानूनको अधिनमा रही देहाय बमोजिम खर्च गर्नुपर्नेछः-

(क) स्थानीय तहसँग सम्झौता गरिसकेपछी सम्बन्धित स्थानीय तहलाई वित्तीय हस्तानतरणमार्फत उपलब्ध गराईनेछ ।

(ख) यस मापदण्ड बमोजिम मन्त्रालयबाट जुन उद्देश्यको लागि रकम उपलब्ध गराइएको हो सोही उद्देश्यका लागि मात्र उपयोग गर्नु पर्नेछ ।

(ग) यस मापदण्ड बमोजिम निकासा हुने रकमको भुक्तानी अवधि चालु आ.व. भित्र हुनेछ ।

(घ) रकम निकासा मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

(ङ) स्थानीय तहले वार्षिक प्रगति विवरण सम्बन्धित प्रदेश तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

सचिव



उमा रेग्मी
मन्त्री

१५. <u>समन्वय तथा अनुगमन समिति सम्बन्धी व्यवस्था:</u> (१) ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनका सम्बन्धमा समन्वय, अनुगमन तथा निर्देशनका लागि देहाय बमोजिमको एक समन्वय समिति रहनेछ:-

(क) सचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -संयोजक

(ख) सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सम्बन्धित महाशाखा हेर्ने) - सदस्य

(ग) सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(घ) अध्यक्ष, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ -सदस्य

(ङ) सहसचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (सम्बन्धित महाशाखा हेर्ने) -सदस्य-सचिव

(२) यस समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

१६. <u>समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:-</u>

(क) केन्द्र सञ्चालन सम्बन्धी आवश्यक नीतिगत सहजिकरण गर्ने,

(ख) केन्द्र सञ्चालन व्यवस्थापन समितिलाई आवश्यकतानुसार निर्देशन दिने,

(ग) केन्द्र सञ्चालनका क्रममा कुनै किसिमको बाधा अड्चन आइपरेमा सोको निराकरण गर्ने,

(घ) केन्द्र निर्माण, स्थापना तथा सञ्चालनका लागि समन्वय र सहजिकरण गर्ने सम्बन्धमा अनुगमन गर्ने।

१७. <u>लेखा परीक्षण:</u> सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्नेछ।

## परिच्छेद–६
## विवध

१८. <u>बाधा अड्काउ फुकाउने अधिकार:</u> यस मापदण्डमा उल्लेख भएका कुनै विषयमा द्विविधा उत्पन्न भए वा कुनै बाधा उत्पन्न भए बाधा फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

१९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस मापदण्डमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२०. <u>खारेजी:</u> (१) ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न स्थानीय तहको छनौट तथा केन्द्र सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ खारेज गरिएको छ।

(२) ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न स्थानीय तहको छनौट तथा केन्द्र सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

सचिव

उमा रेग्मी
मन्त्री

अनुसूची-१

दफा ४ को उपदफा (८) सँग सम्बन्धित

केन्द्र निर्माणको मापदण्ड

केन्द्रको भौतिक संरचना देहाय बमोजिम हुनेछ:-

(क) मनोरञ्जन कक्ष

(ख) ज्येष्ठ नागरिकलाई बस्ने व्यवस्थित हल

(ग) ज्येष्ठ नागरिकमैत्री शौचालय

(घ) पुस्तकालय

(ङ) भान्छा घर

(च) योगा कक्ष

(छ) आराम कक्ष

(ज) विक्रि कक्ष

(झ) भजन किर्तन तथा धार्मिक कार्यक्रम सञ्चालन गर्न सभा कक्ष।

उमा रेग्मी

मन्त्री